# FONIJ UK ELECTION NOTICE 2023
# नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) युके

**मितिः** १६ नोभेम्बर २०२३

**<u>चौथो अधिवेसन निर्वाचन समिति २०२३ को सूचना</u>**

नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) युके शाखाको यही १६ डिसेम्बर शनिबार २०२३ दिन हुन गइरहेको चौथो अधिवेसन मार्फत नयाँ कार्यसमिति चयनका लागि निर्वाचन समितिको सूचना:

१. नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) को विधान अनुसार नयाँ कार्यसमिति गठन गर्ने निर्वाचन समिति जिम्मेवार हुनेछ। निर्वाचन समितिले विधान र सर्वमान्य मान्यताको सिद्धान्तको आधारमा निस्पक्ष र तटस्थ रही नयाँ कार्यसमिति चयन गराउने कार्य गर्नेछ ।

२. संघको विधान अनुसार कार्यसमिति चयन गर्नका लागि निर्वाचनको व्यवस्थापन गर्न नियमावली तयार गर्न, परिमार्जन गर्न, कार्यतालिका बनाउन र फेरबदल गर्न परे फेरबदल गर्ने अधिकार निर्वाचन समितिलाई रहनेछ ।

३. निर्वाचन सम्बन्धी जुनसुकै विषयमा विवाद र अस्पष्टता सम्बन्धमा निर्वाचन समितिको निर्णय नै अन्तिम निर्णय हुनेछ ।

४. नयाँ कार्यसमितिमा उम्मेदवार बन्न चाहने व्यक्तिले एकजना प्रस्तावक सहितको उम्मेदवारी मनोनयन फाराम भरी तोकिएको समयसीमा भित्र निर्वाचन समितिको इमेल fonijukelection@gmail.com मा पठाउनु पर्नेछ ।

५. उम्मेदवारी दर्ता वा फिर्ता लिँदा आफैँले गर्न पर्नेछ । उम्मेदवारी दर्ता गर्दा उम्मेदवारी शुल्क बुझाएको प्रमाण पेश गर्नुपर्नेछ । उम्मेदवारी शुल्क फोनिज युकेको निम्न बैँक खाता:

FONIJ UK,
HSBC BANK
Sort Code: 40-21-05
Account No: 81833669

मा जम्मा गर्नुपर्ने छ । उम्मेदवारी शुल्क प्राप्त नभएको उम्मेदवारी दर्ता हुने छैन । उम्मेदवारी फिर्ता लिए पनि उम्मेदवारी शुल्क फिर्ता हुने छैन ।

६. कुनै समूह वा प्यानल बनाई समूहगत रुपमा मतका लागि आब्हान गर्न वा प्रचार गर्न पाइने छैन ।

७.	फोनिजको विधान २०७२ (पहिलो संशोधन २०७३) बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट निम्न पदहरुमा उम्मेदवारी मनोनयन गर्न सकिने छ । उम्मेदवारी मनोनयन शुल्क तल उल्लेख भए बमोजिम छ । कुनै पनि उम्मेदवारको योग्यता विधानबमोजिम नपुगेको प्रमाणित भएमा निर्वाचन समितिले उम्मेदवारी रद्द गर्न सक्ने छ ।

| क्रसं | पद | संख्या | उम्मेदवारी शुल्क | कैफियत |
|---|---|---|---|---|
| १. | अध्यक्ष | १ | £५०.०० | |
| २. | उपाध्यक्ष | १ | £३०.०० | |
| ३. | सचिव | १ | £३०.०० | |
| ४. | सहसचिव | १ | £३०.०० | महिला |
| ५. | कोषाध्यक्ष | १ | £३०.०० | |
| ६. | सदस्यहरु | ८ | £२०.०० | सदस्य पदमा महिला-२, संस्थागत-२, अल्पसंख्यक-१, खुला-३ सदस्य ८ जना रहने छन् |

८.	निर्वाचन कार्यक्रम निर्वाचन समितिले तोकेको मिति, समय र स्थानमा हुनेछ ।

| क्रसं | कार्यक्रम | मिति र समय | कहाँ/कसरी |
|---|---|---|---|
| १. | मतदाता नामावली प्रकाशन | २८ नोभेम्बर साँझ ५ बजे | फोनिज युकेको वेभमा |
| २. | मतदाता नामावली सच्याउने/दाबी विरोध | ३० नोभेम्बर साँझ ५ बजेसम्म | इमेलबाट |
| ३. | अन्तिम मतदाता नामावली प्रकाशन | २ डिसेम्बर | फोनिज युकेको वेभमा |
| ४. | उम्मेदवारी मनोनयन | ४ डिसेम्बर राति ००.००सम्म | इमेलमार्फत |
| ५. | उम्मेदवारको प्रथम नामावली प्रकाशन | ५ डिसेम्बर साँझ ५ बजे | फोनिज युकेको वेभमा |
| ६. | उम्मेदवारीमाथि दाबीविरोध र फिर्ता लिने | ६ डिसेम्बर साँझ ५ बजेसम्म | इमेलमार्फत |
| ७. | उम्मेदवारको अन्तिम नामावली प्रकाशन | ७ डिसेम्बर साँझ ५ बजे | फोनिज युकेको वेभमा |
| ८. | मतदान | १६ डिसेम्बर | थप जानकारी पछि |
| ९. | परिणाम घोषणा, प्रमाणपत्र वितरण र सपथ | १६ डिसेम्बर | अधिवेसनमा |

९.	मतदाता नामावली र उम्मेदवारी नामावलीमा दावी बिरोध निर्वाचन समितिको इमेल ठेगानामा तोकिएको समयसीमा भित्र रही प्रमाण पुर्याइ लिखित रुपमा गर्नपर्नेछ ।

१०. निर्वाचन प्रयोजनका लागि fonijukelection@gmail.com मा इमेल गरी थप जानकारी लिन सकिने छ ।

११. निर्वाचनसम्बन्धी कुनै पनि विषयमा बुझ्न परेमा संयोजक विश्वास दीप तिगेलालाई 07454496699 मा सम्पर्क गर्न सक्नुहुनेछ ।

१२. निर्वाचन सम्बन्धी सम्पूर्ण जानकारी फोनिज युकेको वेभसाइट www.fonijuk.org मा प्रकाशन गरिने छ ।

संयोजक: विश्वास दीप तिगेला
सदस्य: किरण लिम्बु
सदस्य: प्रमिला लाबुंग

फोनिज युके निर्वाचन समिति २०२३